# मासीक समाचार पत्रिका

अंक ४, बर्ष २, श्रावण १ गते, मंगलबार

जिल्ला स्वास्थ्य कार्यालय
म्याग्दी, बेनी

मिति २०८१/०३/०४



स्वास्थ्य कार्यालय म्याग्दीको आयोजना र स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश, पोखरा को सहजीकरणमा Web Based Tracking System for RMNCAH Service Providers and Service Site सम्बन्धी अभिमुखीकरण सम्पन्न भएको छ/



कार्यक्रममा स्वास्थ्य निर्देशनालय बाट तथ्यांक अधिकृत प्रबिन भण्डारीले सहजीकरण गर्नुभएको थियो भने म्याग्दी जिल्ला अन्तर्गतका सम्पूर्ण स्थानीय तहका स्वास्थ्य संयोजक तथा सह-संयोजक र अन्य स्वास्थ्य कर्मीहरुको उपस्थिति रहेको थियो

मिति २०८१/०३/०६




मंगला गाउँपालिका स्वास्थ्य शाखाको आयोजना र स्वस्थ कार्यालय म्याग्दीको सहजीकरणमा नवजात शिशु तथा बालरोगको एकीकृत ब्यबस्थापन सम्बन्धी स्थलगत अनुशिक्षण कार्यक्रम सम्पन्न भएको छ/ कार्यक्रम मंगला गाउँपालिका अन्तर्गत अर्मन स्वास्थ्य चौकीमा भएको थियो भने स्वास्थ्य कार्यालयको तर्फबाट विरेन्द कुमार चौधरीले सहगीकरण गर्नु भएको थियो/

मिति २०८१/०३/०७



# मासीक समाचार पत्रिका

जिल्ला स्वास्थ्य कार्यालय म्याग्दी, बेनी

अंक ४, बर्ष २, श्रावण १ गते, मंगलबार


स्वास्थ्य कार्यालय म्याग्दीको आयोजना तथा वान हार्ट वोर्ल्डवाइड (OHW) को प्राबिधिक सहयोगमा आधारभूत स्वास्थ्य सेवा प्रदायक सँस्थाहरुको न्युनतम सेवा मापदण्ड (MSS) समीक्षा कार्यक्रम सम्पन भएको छ/



कार्यक्रममा स्वास्थ्य कार्यालय म्याग्दीको तर्फबाट फोकल पर्सन गणेश सुबेदी र वान हार्ट को तर्फबाट जिल्ला संयोजक उपेन चन्दले सहजीकरण गर्नु भएको थियो भने उक्त कार्यक्रममा म्याग्दी जिल्लामा रहेको सम्पूर्ण स्थानीय तहका स्वास्थ्य संयोजक, सह-संयोजक र अन्य स्वास्थ्यकर्मीहरुको उपस्थितिमा स्वास्थ्य सँस्थाहरुको न्यूनतम सेवा मापदण्डको प्राप्त स्कोरको प्रस्तुतीकरण तथा छलफल गरिएको थियो/




मिति२०८१/०३/०८ २०८१/



स्वास्थ्य कार्यालय म्याग्दीको आयोजनामा स्वास्थ्यकर्मीहरुका MPDSR सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ/ कार्यक्रम स्वास्थ्य कार्यालय म्याग्दीको तर्फबाट विरेन्द्र कुमार चौधरी र स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको तर्फबाट मन कुमारी ओझाले सहजीकरण गर्नु भएको थियो/

मिति २०८१/०३/१०



स्वास्थ्य कार्यालय म्याग्दीको आयोजनामा स्वास्थ्यकर्मी हरुका लागि लेक लाग्ने समस्या व्यवस्थापन सम्बन्धि अभिमुखीकरण कर्यक्रम सम्पन्न भएको छ/ कार्यक्रममा

# मासीक समाचार पत्रिका

अंक ४, बर्ष २, श्रावण १ गते, मंगलबार

जिल्ला स्वास्थ्य कार्यालय
म्याग्दी, बेनी


स्वास्थ्य कार्यालय म्याग्दीको तर्फबाट गणेश सुबेदीले सहजीकरण र जिल्ला अस्पतालमा कार्यरत मेडिकल अधिकृत डा. रामु सापकोटा र डा. रोशन आचार्यले अभिमुखीकरण कार्यक्रम गराउनु भएको थियो/

मिति२०८१/०३/१३



स्वास्थ्य कार्यालय म्याग्दीको आयोजनामा बिषादी रहित खाद्य तथा पोषण प्रबर्द्धन, रैथाने खाना, स्वास्थ्यकर खानपान, मातृ तथा नवजात शिशु पोषण, माटो र पोषण अन्तरसम्बन्ध सम्बन्धि पैरवी बैठक तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ/



कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख, उप-प्रमुख , प्रमुख जिल्ला अधिकारी, स्थानीय तहबाट प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, स्वास्थ्य शाखा प्रमुख, बेनी अस्पतालका मे.सु, स्वास्थ्य कार्यालय म्याग्दीको सम्पूर्ण टिम, शिक्षक, होमस्टे तथा होटल संचालकहरुको उपस्थिति रहेको थियो/

मिति २०८१/०३/१४




स्वास्थ्य कार्यालय म्याग्दीको आयोजनामा न्युनतम सेवा मापदण्ड कार्यक्रमको पारस्पारिक अबलोकन भ्रमण पर्बत जिल्ला पैयु गाउँपालिकाको त्रिवेणी स्वास्थ्य चौकीमा म्याग्दी जिल्लाका सम्पूर्ण स्थानीय तहका स्वास्थ्य शाखा तथा उत्कृष्ट स्वास्थ्य सँस्थाका स्वास्थ्यकर्मी हरुको सहभागितामा सम्पन्न भएको छ/



उक्त पारस्पारिक भ्रमणमा स्वास्थ्य कार्यालय पर्बतको तर्फबाट कार्यालय प्रमुख प्रबिण शर्माले गर्नुभएको थियो/

# मासीक समाचार पत्रिका

अंक ४, बर्ष २, श्रावण १ गते, मंगलबार

जिल्ला स्वास्थ्य कार्यालय
म्याग्दी, बेनी




अन्नपुर्ण गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य सँस्था हरुलाइ पालिकाको तर्फबाट १/१ सेट मोबाइल र पालिकाको नाममा रहेको सिमकार्ड वितरण गरिएको छ/



धवलागिरी गाउँपालिका अन्तर्गत मराङ स्वास्थ्य चौकीमा सम्मानजनक बिदाइ भएर जाने म.स्वा.स्व.से. लाइ फेरी भेटौला र नव आगन्तुक म.स्वा.स्व.से. लाइ स्वागत कार्यक्रम सम्पन्न भएको छ/



स्वास्थ्य कार्यालय म्याग्दीको आयोजना तथा धवलागिरी गाउँपालिका स्वास्थ्य शाखाको समन्वयमा मल्कबाङ र मराङ स्वास्थ्य चौकीमा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका हरुलाई ५ दिने पुनर्ताजगी तालिम सम्पन्न भएको छ/

मिति २०८१/०३/२६



# मासीक समाचार पत्रिका

अंक ४, बर्ष २, श्रावण १ गते, मंगलबार


स्वास्थ्य कार्यालय म्याग्दीले आ.ब. ०८०/०८१ को सम्पादित कार्यप्रगतिहरुको पत्रकार सम्मेलन गरि सार्बजनिक गरेको छ/ कार्यालयको यस आ.ब.को ६० प्रतिशत वित्तीय प्रगति भएको छ/

मिति २०८१/०३/२६



स्वास्थ्य कार्यालय म्याग्दीको आयोजनामा निजी स्वास्थ्य सँस्था संचालन अनुमति, अनुगमन सुपरिवेक्षण तथा स्थलगत अनुशिक्षण कार्यक्रम सम्पन्न भएको छ / कार्यक्रम जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, पर्याटन तथा घरेलु उद्योग, बेनी नगरपालिका स्वास्थ्य शाखा का प्रतिनिधि लगायत बेनी अस्पताल बाट मेडिकल अधिकृत, फार्मेशी निरीक्षक, प्रयोगसाला प्रतिनिधि लगायत स्वास्थ्य कार्यालय म्याग्दीको टिमको उपस्थिति थियो/ कार्यक्रममा बे.न.पा.-७ र ८ नम्बर वार्डमा रहेका ५ वटा स्वास्थ्य संस्था हरुको अनुगमन गरि सुझाब प्रदान गरि तोकिएको समयभित्र सुझाब अनुसारका मापदण्ड पुरा गर्न निर्देशन समेत प्रदान गरिएको थियो/